

# विचार

मलाई यस्तो मित्रता चाहिँदैन, जो मेरो खुट्टामा अल्झेर अगाडि बढ्न बाधक बनोस्।
– गोर्की

अनुकूल वातावरण नहुनु र प्रतिकूल परिवेश हुनु मानिसको लागि दुःखको कारण हो।
– अज्ञात

## सम्पादकीय

नेपाल समाचारपत्र

### सम्बन्ध कसिलो बनाऊ

प्रधानमन्त्री केपी शर्मा ओली यतिखेर चीन भ्रमणमा हुनुहुन्छ । भ्रमणका क्रममा उहाँले चिनियाँ राष्ट्रपति सी जिन पिङसँग भेट वार्ता गरिसक्नुभएको छ । भेटवार्ताका क्रममा चिनियाँ राष्ट्रपति सी जिन पिङले आफ्नो मुलुक नेपालको विकास यात्रामा साझेदार बन्न तयार रहेको बताउँदै चिनियाँ रेल छिट्टै काठमाडौं जोडिने विश्वास व्यक्त गर्नुभएको छ । प्रम ओलीसँगको बुधबारको भेटवार्तामा राष्ट्रप्रति सीले नेपालको विकास र समृद्धिको यात्रामा सहयोग गर्न चीन तत्पर रहेको बताउनुभएको छ । नेपालले लिएको एक चीन नीतिप्रति आभार व्यक्त गर्दै राष्ट्रपति सीले नेपालको राष्ट्रिय स्वतन्त्रता र भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्न चिनियाँ सहयोग निरन्तर रहने बताउनुभएको छ । साथै प्रम ओलीको चिनियाँ समकक्षी ली खछ्याङसँग पनि भेटवार्ता भएको छ । यसबाट नेपाल–चीन मैत्री सम्बन्ध अझ प्रगाढ र कसिलो हुने देखिन्छ ।

प्रम ओलीको यस भ्रमणमा चीन र नेपालबीच मुलुकको ऊर्जा, सिंचाइ, सिमेन्ट र फलफूल उद्योगसहित पस्मिना खरिदलगायतका विभिन्न ८ परियोजनाबारे महत्वपूर्ण सम्झौता भएका छन् । चीनबाट नेपाल जोड्ने रेलमार्गबारेको सम्झौता नेपालीका लागि झनै चासोको विषय भएको छ । यी सबै सम्झौता कार्यान्वयनमा नेपालले सहज वातावरण बनाउनै पर्छ । यदि यी सबै सम्झौताहरू कार्यान्वयन भए भने नेपाल चाँडै समृद्ध मुलुकमा दर्ज नहोला भन्न सकिन्न । हुन त प्रधानमन्त्री ओलीको विगतको चीन भ्रमणमा पनि नेपालको हितका लागि विभिन्न सहमति र सम्झौताहरू भएका थिए । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि ऋण सम्झौता भएको थियो भने व्यापार तथा पारवहनसम्बन्धी सम्झौताका साथै रेल्वेसम्बन्धी भएको सहमतिले नेपालको विकासमा दीर्घकालीनरूपमा महत्व राख्ने बताइएको थियो । त्यस्तै चीनले नेपालसँग व्यापार विस्तारका लागि यातायात सेवा जोड्न सिगात्से–रसुवागढी–काठमाडौं–पोखरा–लुम्बिनीसम्म रेल्वेको सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) गर्ने सम्झौता भएको थियो । अन्तरदेशीय प्रसारणलाइन निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने, भूकम्पपीडितहरूका लागि सहयोग गर्ने, नेपालमा पेट्रोल र ग्यासको उत्खननबारे सम्भाव्यता अध्ययन गरिदिने, स्याफ्रुबेसी–रसुवागढी सडक मर्मत गरिदिने, हुम्लाको हिल्सामा पुल निर्माण गरिदिनेजस्ता विषयमा समेत विगतमा समझदारी भएका थिए । यी विगतका सहमति र सम्झौता कत्तिको कार्यान्वयनमा आए, यसका लागि नेपालका तर्फबाट कत्तिको सहज वातावरण बनाइयो ? यी विषयलाई पनि केलाएर हेर्नुपर्ने हुन्छ, जसले गर्दा यसपटकका सहमति–सम्झौताहरू कार्यान्वयनमा सहजता होस् ।

नेपालको चीनसँगको सम्बन्ध दीर्घकालीन रूपमा नै सुदृढ पार्ने प्रयत्न आगामी दिनहरूमा पनि भइरहनुपर्छ । मुलुकको राष्ट्रिय हितलाई उच्च प्राथमिकतामा राखेर आफ्नो विदेश नीति निश्चित हुनुपर्दछ । साथै चीनसँग भएका सम्झौताहरू कार्यान्वयन गर्ने क्रममा हुन सक्ने राजनीतिकलगायतका कुनै पनि अवरोध हटाउन सरकार कटिबद्ध हुनै पर्छ । चीनले दृढतापूर्वक नेपालको राष्ट्रियता, सार्वभौमिकता र भौगोलिक अखण्डताको समर्थन गर्दै आएको छ । हामीले पनि चीनसँगको मैत्री सम्बन्धलाई अझ प्रगाढ र कसिलो बनाउन कुनै कसर बाँकी राख्नुहुँदैन ।

# प्रमको चीन भ्रमण : अवसर कि चुनौती ?



डा. डीआर उपाध्याय

राजनीतिक इतिहासकै सबैभन्दा शक्तिशाली प्रधानमन्त्री केपी शर्मा ओलीको जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणलाई विशेष अर्थपूर्ण ढंगले हेर्न थालिएको छ। चीनमा पनि विगत ७० वर्षयताका सबैभन्दा शक्तिशाली राष्ट्रपति सी जीन पिङ सत्तासीन हुनुहुन्छ। त्यसैले गर्दा पनि हाम्रा प्रधानमन्त्रीको चीन भ्रमण सद्भावना भ्रमणमा मात्र सीमित नभई दुई देशबीचको सम्बन्ध विस्तार र विकास, समृद्धिका लागि सहयात्रा गर्ने कुरामा केन्द्रित हुनुपर्छ। चीन भ्रमणका मुख्य एजेन्डा पनि सार्वजनिक भइसकेका छन्। प्रधानमन्त्री ओलीको यसपटकको भ्रमण अघिल्ला प्रधानमन्त्रीहरूको भन्दा धेरै महत्वपूर्ण छ। किनभने मुलुकमा झन्डै दुई तिहाइ बहुमतसहित कम्युनिस्टको सरकार छ। सरकारको नेतृत्व केपी शर्मा ओलीले नै गर्नुभएको छ। त्यसकारण पनि प्रधानमन्त्री ओलीको चीन भ्रमणले विशेष महत्व राखेको छ।

भारतले नेपालमा नाकाबन्दी लगाएको बेलामा ओली प्रधानमन्त्री हुनुहुन्थ्यो। त्यस बेला पनि ओलीको चीन भ्रमण भएको थियो। अघिल्लो चीन भ्रमणमा गरेका सम्झौता र सहमति अझैसम्म कार्यान्वयनमा आएका छैनन्। ती सहमति र सम्झौता यसपालिको चीन भ्रमणबाट कार्यान्वयनमा ल्याउनुपर्छ। अहिले हाम्रो देशमा स्थानयि तह, प्रदेशसभा र केन्द्रमा गरी तीनै तहमा कम्युनिस्टको सरकार छ। अहिले हाम्रा प्रधानमन्त्री इतिहासकै शक्तिशाली प्रधानमन्त्री हुनुहुन्छ। त्यसकारण पनि चीन सरकारले हाम्रा प्रधानमन्त्रीको कुरा सुन्नुपर्छ। दुई ठूला कम्युनिस्ट पार्टी मिलेर इतिहासकै ठूलो कम्युनिस्ट पार्टी बनेको छ। त्यो पार्टीको नेतृत्व ओलीले नै गर्नुभएको छ। त्यस अर्थमा पनि ओलीको चीन भ्रमण सार्थक र सफल हुने धेरैले अपेक्षा गरेका छन्। अहिले हाम्रो मुलुकमा सरकार पनि स्थिर छ। विकास र समृद्धिको खाका कोरेर नेपाल अघि बढ्ने अभियानमा छ। नेपालले चीन र भारत दुबै देशहरूसँग सुमधुर र सन्तुलित सम्बन्ध राखेर देशको विकास र समृद्धिका लागि सहयोग र साझेदारीको नीति लिएर अघि बढेको छ। चीन सरकारसँग पनि यी विषयमा अपेक्षा राख्नु स्वाभाविक हो। भारतसँगको सम्बन्धलाई पनि हामीले अझै ठोस रूप दिँदै कार्यान्वयन प्रक्रियामा जानुपर्ने आवश्यकता देखिएको छ। हाम्रो लागि भारत र चीन बराबरी छिमेकी मित्र राष्ट्र हुन्। हामीले यी दुई देशलाई सन्तुलित कूटनीतिक डिल गरेर राख्नुपर्छ।

एउटा खुशीको कुरा के हो भने, भारत र चीनबीचको सम्बन्धमा पनि धेरै राम्रो सुधार हुँदै गएको छ। यसलाई नेपाल सरकारले सकारात्मकरूपमा लिनुपर्छ। हाम्रो देशको परराष्ट्र नीति दुवै देशसँग सहकार्य गरेर अघि बढ्ने खालको हुनुपर्छ। त्यसो भयो भने हामी परराष्ट्र नीतिमा सफल हुन्छौं। जुन देशको परराष्ट्र नीति राम्रो हुँदैन, त्यो देशले प्रगति गर्न सक्दैन। हाम्रो देश अब प्रगतिको बाटोतर्फ अघि बढ्ने हो भने परराष्ट्र नीतिमा स्पस्ट हुनुपर्छ। प्रधानमन्त्री ओलीको अघिल्लो पटक भएको भ्रमणमा चीनसँग पारवहन सुविधासहितका १० वटा महत्वपूर्ण सम्झौता भएका थिए। अब ती सम्झौताले मूर्त रूप लिनुपर्छ। अब हामीले चीनको बाटो हुँदै अरू देशहरूसँग पारवहन सुविधा पाउनुपर्छ। चीनको बन्दरगाह उपयोग गर्दै तेस्रो देशसँग व्यापारिक सम्झौता विस्तार गर्ने विषय भ्रमणको मुद्दा बन्नुपर्छ। किनभने यी सबैका लागि यातायात सञ्जालको विस्तार अनिवार्य छ। काठमाडौं-केरुङ-लुम्बिनी रेलवे सेवा विस्तारको काम थालनी गर्नुपर्ने आवश्यकता देखिएको छ। प्रधानमन्त्री ओलीले चीन भ्रमणका क्रममा किमाथांका, तातोपानी र हिल्सा नाका खोल्ने विषयमा चीन सरकारसँग स्पस्ट कुरा राखेर सहमत गराउनुपर्छ। यी नाका अनिवार्यरूपमा खोल्नुपर्छ। रेलवे सेवा विस्तार र नाका खोल्ने कुरा अघि बढ्दा मात्र नेपालले प्राप्त गरेको पारवहन सुविधाको महत्व हुनेछ।

नेपालको हाइड्रोपावरको विकासमा पनि नेपाल सरकारले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ। ठूला-ठूला हाइड्रोपावर आयोजनामा चिनियाँ लगानी भित्र्याउनुपर्ने आवश्यकता देखिएको छ। यस विषयमा चीन सरकारसँग नेपाल सरकारले भ्रमणको बेला कुरा राख्दा धेरै राम्रो हुनेछ। र, चीन भ्रमणबाट नेपाल के कसरी आत्मनिर्भर हुने भन्ने कुरा पनि चीनबाट सिक्नुपर्ने आवश्यकता देखिएको छ। चीन आत्मनिर्भर देश हो। यो देशबाट हामीले धेरै कुरा सिक्नुपर्ने आवश्यकता रहेको छ। सधैँभरि आर्थिक सहायता र सहयोग मागेर मात्र हाम्रो देश विकास हुन सक्दैन। छिमेकी देशबाट सिकेर त्यहाँको सीप नेपाल भित्र्याउने कुरामा विशेष ध्यान दिनुपर्छ। अरू मुलुकका भरमा मात्र विकास गर्न खोज्ने आशे पवृत्तिले देश कहिल्यै माथि उठ्न सकेन। यो यथार्थ कुरा हो। अहिले चीन भ्रमणको टोलीमा विभिन्न क्षेत्रबाट खारिएका प्रबुद्ध व्यक्ति समूहको सहभागिताबाट यो महत्वपूर्ण भ्रमणलाई सफल बनाउनुपर्छ। केवल घुमफिरको भ्रमण मात्र नहोस्। चीनको विकास र समृद्धिको मोडेल हेर्ने र सिक्ने यो ठूलो अवसर पनि हो। मौकाको फाइदा उठाउने काममा नेपाल सरकार लाग्नुपर्छ। कृषि, उद्योग, पर्यटन, वातावरण शिक्षा, स्वास्थ्य, ग्रामीण विकास आदि चीनले कसरी गरेको छ, त्यो सिक्नुपर्ने आवश्यकता छ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणमा करिब एक दर्जन नयाँ सहमति र सम्झौता हुँदै छन्। नेपाल र नेपाली जनताको पक्षमा सहमति र सम्झौता हुनुपर्ने जरुरी छ। प्रधानमन्त्री ओलीका लागि अहिले धेरै अनुकूलता छ। ओलीले नेपालको विकास र समृद्धिका लागि चीन सरकारसँग सहकार्यको बाटो अवलम्बन गर्न सहज वातावरण बनेको छ। उता भारत र चीनबीच पनि सम्बन्ध राम्रो हुने संकेत देखिएको छ। भारतमा तिब्बती शरणार्थीका गतिविधिमा कडाइदेखि केही समयअघि सम्पन्न अनौपचारिक उडान समिट र सांग्रिला डायलगको सम्बोधनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले देखाएको लचकताले चिनियाँहरू उत्साहित देखिएका छन्। छिमेकका दुई विशाल देशबीचको राम्रो सम्बन्धलाई प्रधानमन्त्री ओलीले उपयोग गर्न सक्नुपर्छ। प्रधानमन्त्री ओलीले चीन, नेपाल र भारतको सीएनआई त्रिदेशीय साझेदारीलाई अघि बढाउन यो भ्रमणको उपयोग गर्नुपर्छ। यसमा बढी चिनियाँहरू उत्साहित देखिन्छन्। चीनले त्रिदेशीय साझेदारीमा थप अग्रसरता लिने बताउँदै पनि आइरहेको छ। परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँगको संयुक्त पत्रकार सम्मेलनमा पनि चीनले यो कुरालाई महत्व दिएर उठाएको थियो। त्रिदेशीय साझेदारीलाई अघि बढाउन भारतलाई मनाउने कुरामा चीन अघि बढे नेपालले स्वतः लाभ हासिल गर्नेछ। महत्वपूर्ण कुरा यो हो। त्रिदेशीय विकासको बाटोमा फड्को मार्ने बेला आएको छ। यसको लागि हाम्रा प्रधानमन्त्री ओलीले राजनीतिक तथा कूटनीतिक चातुर्यता देखाउन सक्ने क्षमता प्रस्तुत गर्नुपर्छ। प्रधानमन्त्री ओलीको दील्ली भ्रमण र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणले दुबै देशबीच राम्रो सम्बन्ध विस्तार हुँदै गएको सन्देश दिइरहेको छ। अब शंका गर्ने अवस्था देखिँदैन। अब विकास र समृद्धिका लागि नेपाल अघि बढ्ने अवसर पनि हो यो। नेपाल जोड्ने दुई प्रमुख नाका तातोपानी र रसुवागढीमा नयाँ मितेरी पुल बनाइदिने चिनियाँ प्रस्ताव मन्त्रिपरिषद्बाटै पारित भएको छ। यो निर्णयले रसुवागढी, केरुङ नाका भएर आउने रेलमार्गलाई ध्यान दिएर ठूला मितेरी पुल निर्माणका लागि सहज भएको छ। २०७२ वैशाखको भूकम्पपछि बन्द तातोपानी नाका खोल्ने विषयलाई महत्वका साथ हेरिनुपर्छ। राष्ट्रिय सुरक्षाका विषयमा पनि जोडदारका साथ कुरा उठाउनुपर्ने आवश्यकता छ। नेपाल अझै पनि असुरक्षित छ। यसको चौतर्फी सुरक्षाका लागि गर्नुपर्ने काम धेरै छन्। यस विषयमा नेपाल सरकारले विवेकसम्मत निर्णय गर्न सक्नुपर्छ। प्रधानमन्त्री ओलीको चीन भ्रमणमा अवसर र चुनौती दुवै छन्। किनकि नेपाल र चीनबीच सहमति र सम्झौता भई अघि बढेका कतिपय परियोजना अझै अलमलमा परेका छन्। ती परियोजनाहरू पूरा नभएसम्म अहिलेका प्रतिबद्धताको कुनै अर्थ छैन। त्यसैले पनि प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण सफल र सार्थक बनोस्। हाम्रो शुभकामना।

प्रधानमन्त्री ओलीको चीन भ्रमणमा अवसर र चुनौती दुवै छन्। किनकि नेपाल र चीनबीच सहमति र सम्झौता भई अघि बढेका कतिपय परियोजना अझै अलमलमा परेका छन्। ती परियोजनाहरू पूरा नभएसम्म अहिलेका प्रतिबद्धताको कुनै अर्थ छैन। त्यसैले पनि प्रधानमन्त्री केपी ओलीको चीन भ्रमण सफल र सार्थक बनोस्।

## पाठक पत्र

### कहिले बन्छ छुसाङ-चैले मोटरेबल पुल ?

मुस्ताङको निर्माणाधीन छुसाङ-चैले मोटरेबल पुल आयोजनाले १८ महिनामा पुल निर्माण सम्पन्न गर्ने सम्झौता गरेको पाँच वर्ष बित्यो तर पुल निर्माणको काम भने बल्ल ५० प्रतिशत सम्पन्न भएको छ। ठेक्का पाउन ठेकेदारहरूबीच अहिलेसम्म बलकै प्रतिस्पर्धा हुन्छ। कसैलाई बन्धक बनाएर टेन्डर पारिसकेपछि काम शुरू गरेको कागजी प्रक्रिया शुरू गर्छन् र लागतको १० प्रतिशत रकम हात पार्छन्। उक्त रकम सम्बन्धित निर्माण कार्यमा खर्च गर्दैनन्। यो रकम जग्गा वा शेयरमा लगानी गर्छन् र आरामले बस्छन्।

निर्माण अवधिको मिति सकिनै लाग्छ अनि उनीहरूको रेडिमेड भनाइ सार्वजनिक हुन्छ- कामदार पाइएन, काम गर्ने वातावरण भएन आदि। ठेक्कापट्टासँग सम्बन्धित अड्डाका सरकारी कर्मचारीको दशैं, तिहार, छोराछोरीको स्कुल फीलगायतका खर्च ठेकेदारहरूले धान्दै आएका हुन्छन्। मुस्ताङजस्तै जिल्लाका सबै ठाउँमा ठेकेदारको लापरबाही भइरहेको छ। यसमा सबै मौन छन्। सबैको ध्यान जाओस्।

*- रवि गुरुङ, मुस्ताङ*

### वैकल्पिक विमानस्थल चाहियो

वार्षिक ६० लाख यात्रु व्यवस्थापन गर्ने क्षमता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको छ। तर, अहिले वार्षिक ७५ लाख यात्रुको व्यवस्थापन गर्दै आएको छ। यात्रुको चाप हरेक १५ वर्षमा दोब्बर हुने गरेको तथ्यांक छ। विदेशी पर्यटकको वृद्धिदर चालू आर्थिक वर्षकै रफ्तारमा हुने हो भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुको चाप अबको १० वर्षमै दोब्बर हुने अवस्था छ।

एकमात्रै विमानस्थलमा आन्तरिक उडानको चाप पनि त्यत्तिकै छ। मुलुकका प्रायः सबै मुख्य शहरहरूमा त्रिभुवन विमानस्थलबाटै उडान गर्नुपर्ने बाध्यता छ। जसका कारण त्रिभुवन विमानस्थलमा हवाई ट्राफिकको समस्या देखिएको छ। यो समस्या समाधान गर्ने एकमात्रै विकल्प भनेको काठमाडौं उपत्यका आसपासमा अर्को विमानस्थल बनाउने र त्यहींबाट आन्तरिक उडान भर्ने हो। आन्तरिक उडानका लागि विकल्पको व्यवस्था गर्ने हो भने त्रिभुवन विमानस्थलको हवाई ट्राफिकको समस्या धेरै हदसम्म समाधान हुनेछ। यसका लागि विज्ञहरूले डेढ दशकअघि नै सरकारलाई सुझाव दिएका थिए। काभ्रे जिल्लाको नागिडाँडा, ठूलीचौर र चिसापानी क्षेत्रको अध्ययन गरिएको थियो। तर, सरकारले खासै चासो नलिएका कारण काम अघि बढ्न सकिरहेको छैन।

त्रिभुवन विमानस्थलको विकल्पमा नजिकै अर्को विमानथल नहुँदा कस्तो समस्या आइपर्दो रहेछ भन्ने कुरा तीन वर्षअघि विनाशकारी भूकम्प आउँदा मुलुकले बेहोरिसकेको छ। प्राकृतिक विपत्ति आइपरेको अवस्थामा तत्काल उद्धार तथा राहतका लागि विमानस्थल नै सबैभन्दा उपयुक्त माध्यम हो। राजधानी काठमाडौं उपत्यकाको जनसंख्या ४० लाख पुगिसकेको अवस्थामा विमानस्थलको विकल्प एउटा होइन, दुईवटा हुनुपर्छ। यस विषयमा ध्यान जाओस्।

*- प्रभा न्यौपाने, बाग्लुङ*
*- रवि श्रेष्ठ, काठमाडौं*
*- कर्ण अवस्थी, ललितपुर*

### कहिलेसम्म दैनिक लास भित्रिने ?

देशमा रोजगारी नपाएर लाखौं नेपाली विदेशी भूमिका श्रम गर्न बाध्य छन्। कहिले द्वन्द्व, कहिले अराजकता, कहिले बन्द-हड्ताल त कहिले आन्दोलनबाट वाक्क भएर आफू र आफ्नो परिवारको पेट पाल्न विदेशिएका नेपालीले पठाएको रेमिटेन्सले नै देशको अर्थतन्त्र धानिएको छ। करिब ५० लाख नेपालीका परिवार धानिएका छन्। तर, विडम्बना ! कठिन परिश्रम गर्न विवश तिनै नेपालीमध्येबाट दैनिकरूपमा लास पनि भित्रिने गरेको छ। हरेक उपभोग्य सामग्री विदेशबाट आयात गरेर 'परनिर्भर' बन्नुपरेको मुलुक केही वर्षयता लासको पनि आयात गर्ने मुलुकका रूपमा परिचित भएको छ।

सरकार जवाफदेही भएको भए यस्तो नियतिप्रति उदासीन बन्ने थिएन। मृत्युकुण्ड मानिएका खाडी राष्ट्रहरूबाट आफ्ना नागरिकलाई फर्काउने हिम्मत गर्नेथियो। विदेशमा पसिना बेचेर परिवार र बालबच्चाको खुशीका लागि विदेशिने नेपाली अकालमै शव बाकसका कैद भएर आउनु अत्यन्त पीडादायी कुरा हो। तर, हरेक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कफिनमा लास आउँदा पनि मानवीय संवेदनाले नेपाली समाज र सरकारलाई नदुख्नु विडम्बनाको विषय बनेको छ।

मृत्यु शाश्वत सत्य हो। तर, अकाल मृत्युलाई स्वाभाविक ठान्ने चिन्तनका कारण समाज र सरकारको संवेदनशील भएको पाइँदैन। के विदेशमा गएका नेपाली कामदारको मृत्यु स्वाभाविक हो ? कि राज्यले मजदुर र कामदारको मृत्युलाई सामान्य ठान्ने गरेको छ ? मृत्यु सामान्य जनताको होस् चाहे 'भीआईपी'को होस्, राज्यको एउटै आँखाले हेरिनुपर्छ।

विदेश गएका औसत नेपालीहरू थ्रीडी (डेन्जर, डिफिकल्टी र डर्टी) काम गर्न बाध्य हुन्छन्। गरिबीको दुश्चक्रबाट उन्मुक्ति पाउन खाडी र मलेसियाजस्ता देशमा पुगेर कठिन काम गर्न बाध्य भइरहेका नेपालीको स्वास्थ्य र जीवनको सुरक्षाका सम्बन्धमा राज्यले चासो लिएको पाइँदैन। जसका कारण गत एक वर्षमा मात्रै वैदेशिक रोजगारीका क्रममा ९ सय ५७ जना नेपालीले अकालमा ज्यान गुमाउन बाध्य भए। एक वर्षको अवधिमा विदेशी भूमिमा झन्डै एक हजार नेपालीले ज्यान गुमाउनु डरलाग्दो स्थिति हो। देशको अर्थतन्त्रमा विशेष भूमिका खेल्ने विदेशी भूमिमा रहेका नेपालीको अकाल मृत्युले राज्यलाई दुख्दैन र उसले चासो लिँदैन भने राज्य रहनु र नरहनुको अर्थ के रह्यो ?

एउटा सत्य के हो भने, सरकारले जतिसुकै समृद्धिको सपनाका कुरा गरे पनि वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्न सकिँदैन। किनभने, नेपाली जनतालाई राज्यले रोजगारीको व्यवस्था गर्ला भन्ने आशा र विश्वास जागृत भइसकेको छैन। सरकारले वैदेशिक रोजगारलाई नियमन गरी कामदारको हित संरक्षणमा ध्यान नदिएसम्म न त वैदेशिक रोजगारीमा जाने क्रम घट्नेछ, न विदेशबाट नागरिकका लास आउने क्रम नै रोकिनेछ। दुर्भाग्य त के छ भने, सरकारसँग वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकमा गएका कामदार कति छन् भन्ने स्पष्ट तथ्यांक छैन। यसका अतिरिक्त अवैध मार्ग भएर विदेशिने नेपाली कति छन् र उनीहरूको अवस्था कस्तो छ भन्नेबारे केही जानकारी नै छैन।

सरकारले सर्वप्रथम गन्तव्य मुलुकमा रहेका नेपाली कामदारको विवरण तयार गरी उनीहरूलाई निरन्तर सुपरीवेक्षण तथा स्वास्थ्यलगायतका समस्या समाधानमा चासो लिनुपर्छ। कतिपय देशमा रहेका दूतावासहरू नाम मात्रैका छन्। कतिपय देशमा अलपत्र तथा समस्यामा परेका कामदारका लागि दूतावासले चासो नदिने गरेका गुनासाहरू आउने गरेका छन्। सरकारको प्रतिनिधित्व गर्ने दूतावासले विदेशमा कठिन अवस्थामा रहेका नेपालीको उद्धार, आवश्यक परामर्श, स्वास्थ्य सेवालगायतका सुविधा प्रदान गरी अकाल मृत्युबाट बचाउनु जरुरी देखिन्छ।

*- वीरमान तामाङ, चौतारा, सिन्धुपाल्चोक*

## सामाजिक सञ्जाल



अति प्रिय ठानेको मान्छेलाई पनि आफ्नो कमजोरी र विवश परिस्थितिहरु सकभर नसुनाउनु। आफ्नो सहजताको लागि उसले बेलामौकामा त्यही घोचिरहन्छ।

**घिमिरे युवराज**
**@Ghiyub**



प्रधानमन्त्री र राष्ट्रपतिज्यूहरूको सवारी हुँदा गाडीको शिशा खोलेर चलाउने हो भने धूलो-प्रदूषणबाट चाँडै पार लाग्थ्यो कि ?

**Sudhamshu K.C.**
**@Drsudhamshu**



शक्ति, पैसा र समयको घमण्ड नगरौं, भाग्य उसको पनि खोटो हुन्छ, जो दिनभर हजारौंको भाग्य फलाकिरहेको हुन्छ।

**Dipak Karki**
**@dipakkrk**